मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# सहिद दिवस २०८० को सन्देश

सहिद दिवस २०८० को अवसरमा नागरिक स्वतन्त्रता, लोकतन्त्रको स्थापना, राष्ट्रियता, समानता र मानव अधिकारको रक्षाका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरू धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठलगायत सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सहिद दिवस देशका लागि प्राण आहुति दिने महान् सहिदहरूको स्मरण गर्दै नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक, सामाजिक न्याय, स्वाधीन र स्वावलम्बी अर्थतन्त्रसहित सामाजिक तथा आर्थिक दृष्टिले विकसित राष्ट्र निर्माणमा आम देश र प्रदेशवासी एकजुट भएर लाग्न प्रण लिने दिन हो । सहिदहरूको गौरवपूर्ण रोमाञ्चक गाथाबाट प्रेरणा पाएर हामी सबैले राष्ट्रहित र जनकल्याणका लागि क्रियाशील हुनु आवश्यक छ ।

जहानियाँ राणा शासन, निरङ्कुश पञ्चायती व्यवस्था, २०६२/०६३ को जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेसी, आदिवासी जनजातिलगायत राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार प्राप्तिको आन्दोलनमा महान् सहिदहरूको बलिदानले प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामार्फत देश र प्रदेशमा दिगो शान्ति, सुशासन, समाजवाद उन्मुख अर्थतन्त्र, विकास, समृद्धिको आकांक्षा साकार पार्नु नै सहिदप्रतिको सच्चा श्रद्धाञ्जली हुने विश्वास लिएको छु । त्यसैले अमर सहिदहरूले प्राण उत्सर्ग गर्नु पूर्व देखेका सपना पूरा गर्न कोशी प्रदेश सरकार मानवीय विकासमा अघि बढिरहेको छ । देश र जनताका लागि जीवन बलिदान गर्नुभएका महान् सहिदहरूको मार्गदर्शन र प्रेरणाले कोशी प्रदेश सरकार सत्मार्ग र जनभावना अनुसार काम गर्ने प्रण लिएको छ ।

अन्तमा, सहिद दिवसको यस महान् अवसरमा म वीर र अमर सहिदहरूले देखाउनुभएको अग्रगामी मार्गमा परिचालित हुन हामी सबैमा प्रेरणा प्राप्त होस् भन्ने कामनाका साथ सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

धन्यवाद !

मिति २०८०/१०/१६ गते
नेपाल सम्वत् : ११४४ पोहेलागा चतुर्थी

केदार कार्की
मुख्यमन्त्री